गाउँसभाको १२ औं अधिवेशन

प्रस्ताव तथा निर्णयहरु:-

२०८०।०३।१० आ.व.२०८०।०८१

**१) शोक प्रस्ताव सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. ६ का पूर्व वडाअध्यक्ष तथा हालको गाउँसभा सदस्य श्री पर्शुराम राईको मिति २०८० जेष्ठ ३० गते बिपी कोइराला स्वस्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका क्रममा असामयिक निधन भएकोमा सम्पूर्ण गाउँपालिका परिवार अत्यन्तै स्तब्ध र मर्माहत भएको हुँदा उहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**२) चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रमको समीक्षा सम्बन्धमा ।**

आ.व. ०७९/०८० मा गाउँपालिकाले क्षेत्रगत रुपमा बिनियोजित बजेटबाट कार्यक्रम संचालन भईरहेको, संझौता भई संचालन भईरहेका योजनाहरुको निर्माण कार्य सम्पन्न भई निकासा प्रकृयामा रहेकोले मिति २०८० आषाढ ०७ गते सम्ममा तपसिल बमोजिमको प्रगति रहेको र आषाढ २० सम्ममा लक्ष्यअनुरुपको कार्य प्रगति गर्ने गराउने निर्णय गरियो ।

तपसिल:-

१) गाउँपालिका तर्फ:-

क) आर्थिक विकास ४३ प्रतिशत

ख) सामाजिक विकास ६८ प्रतिशत

ग) पूर्वाधार विकास ३३ प्रतिशत

घ) सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र ५५ प्रतिशत

ङ) कार्यालय संचालन तथा प्रशासनिक ७५ प्रतिशत

२) वडाकार्यालय तर्फ:-

क) वडा नं. १ - ६३ प्रतिशत

ख) वडा नं. २ - ९६ प्रतिशत

ग) वडा नं. ३ - ७४ प्रतिशत

घ) वडा नं. ४ - ६६ प्रतिशत

ङ) वडा नं. ५ - ८८ प्रतिशत

च) वडा नं. ६- ७१ प्रतिशत

छ) वडा नं. ७- ५९ प्रतिशत

ज) वडा नं. ८- ८५ प्रतिशत

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

शाम बहादुर राई
अध्यक्ष

**३) आगामी आ.व. को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।**

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईज्यूबाट प्रस्तुत आगामी आ.व. ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम सभाबाट पारित गरियो ।

**४) रोजगार सेवा केन्द्र मार्फत संचालित कार्यक्रम सम्बन्धमा ।**

रोजगार सेवा केन्द्र मार्फत संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट सञ्चालित हुने कार्यक्रमहरु आगामी दिनमा संघबाट प्राप्त हुने बजेट कार्यान्वयनका शर्तहरु प्राप्त भएपछि सोही बमोजिम हुने गरी कार्यान्वयन गर्ने गराउने ।

**५) न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।**

आ. व. ०७९/०८० मा न्यायिक समितिबाट कार्यसम्पादन गरिएको कृयाकलाप सहितको न्यायिक समितिका संयोजकबाट पेश भएको प्रतिवेदन सभामा प्रस्तुत गरियो ।

**६) करार सेवामा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा:-**

यस गाउँपालिकाबाट सेवा करारमा कार्यरत गाउँपालिकाको स्वीकृत दरबन्दी भित्रका कर्मचारीहरुको नियमानुसार म्याद थप गर्ने र नेपाल सरकारका विभिन्न स्रोतबाट पारिश्रमिक लिएर यस कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा सम्बन्धित निकायबाट प्राप्त हुने निर्देशन अनुसार गर्ने गराउने ।

**७) कार्यपालिकाको हालसम्मको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।**

यस आ.व. मा कार्यपालिका बैठकबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**८) सडक हेरालुको व्यवस्था गर्ने सम्बन्धमा ।**

संवैधानिक व्यवस्था अनुरुप कार्यालयमा कार्यविधि अनुरुप आवस्यकताको आधारमा मुख्य सडकहरुमा हेरालु तथा कार्यालयको लागि सरसफाईकर्मी र मालीको व्यवस्थापन गर्ने ।

**९) कर्मचारी प्रोत्साहन सम्बन्धमा ।**

कार्यसम्पादन मूल्यांकनको आधारमा प्रोत्साहन भत्ता निर्देशिका २०७६ अनुसार कर्मचारीहरुलाई प्रोत्साहन भत्तालाई निरन्तरता प्रदान गर्ने ।

रणप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर

श्याम बहादुर राई
अध्यक्ष

## १०) नेपाल जलवायु नमुना कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

नेपाल जलवायु नमुना कार्यक्रम संचालन कार्यविधि,२०७९ अनुसार बहुवर्षीय तथा वार्षिक कार्ययोजना निर्माण गर्दै तपसिलको टोल बस्तीमा निम्नानुसारको बजेट बिनियोजन गरी कार्यक्रम संचालन गर्ने गराउने निर्णय गरियो।

क) वडा नं.५ मानेभन्ज्याङ्को साबिक ७,८ र ९को बस्तीमा कार्यक्रम संचालन रु. ४५ लाख

ख) वडा नं. १ को साबिक ४ को खेना नमुना बस्ती क्रमागत- रु. २५ लाख

ग) वडा नं ३ को साविक ८ को बस्तीमा खानेपानी तथा नमुना पदमार्ग निर्माण- रु.२५ लाख

घ) वडा नं ६ को गोल्मे, नागछाँगा प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यटकिय क्षेत्रको लागि हरित पैदल मार्गको निर्माण गर्न रु. ३५ लाख

ङ)पर्यापर्यटन प्रवर्द्धनका लागि हरित पैदल मार्ग निर्माण कार्य दागबुङ पदमार्ग निर्माण निरन्तरता रु.२० लाख

**कुल जम्मा रु. १ करोड पचास लाख।**

## ११) शिक्षा ऐन पहिलो संशोधनः-

रामप्रसादराई गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७९ को दफा ३४ (१) (घ) मा रहेको व्यवस्थालाई तपसिल बमोजिम संसोधन गर्ने ।

| साविकमा रहेको | संसोधनपछि |
| --- | --- |
| प्रधानाध्यापक | गाउँपालिकाको शिक्षा शाखा प्रमुख |

## १२) आ व.२०८०/०८१ का लागि आर्थिक तथा विनियोजन विधेयक प्रस्तुति।

गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईबाट प्रस्तुत आर्थिक तथा विनियोजन विधेयक, २०८० सभाबाट पारित गरियो।

## १३) आ.व. २०८०/०८१ को वार्षिक बजेट प्रस्तुति।

उपाध्यक्ष ज्यूबाट आ.व. २०८०/०८१ को लागि निम्नानुसार अनुमान गर्दै आम्दानी तथा खर्च सहितको वार्षिक बजेट रु. अठचालिस करोड बैसठ्ठी लाख छ्यासी हजार छ सय सभामा पेश भई व्यापक रुपमा छलफलका साथ बहुमतबाट पारित भएको र बजेटको विस्तृत विवरण सहितको खाका तथा नीति कार्यक्रम निम्न बमोजिम रहेको छ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

श्याम बहादुर राई
अध्यक्ष

रामप्रसादराई गाउँपालिका गाउँ सभाको १२ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्षको हैसियतले रामप्रसादराई गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्रस्तुत गर्न गईरहेको छु।

# वार्षिक नीति तथा कार्यक्रम

## २०८० साल आषाढ १० गते आइतबार

यस रामप्रसादराई गाउँपालिकाको गाउँसभा बैठकको १२ औं अधिवेशनको गरिमामय सदनमा उपस्थित गाउँपालिकाको अध्यक्षज्यू, बैठकको सचिव प्रमुख प्रशासकीय अधिकृतज्यू, विभिन्न समितिका संयोजक तथा गाँउ सभा सदस्यज्यूहरु साथै सम्पूर्ण कर्मचारीज्यूहरु,

यस गरिमामय सभामा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को लागि वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु।

नेपाली जनताको लामो संघर्ष, त्याग, तपस्या र बलिदानद्वारा संघीयता सहितको समावेशी शासनपद्धतिको अभ्यास भइरहेको छ। साथै यो व्यवस्थालाई स्थापित गर्नको लागि आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरु तथा घाइते अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछौं। मुलुकमा नयाँ संविधान जारी भएपछि सोही संवैधानिक व्यवस्था बमोजिम तीन तहका सरकारहरु कृयाशील रहीआएको सर्वविदितै छ। यो मौलिक स्वरुपको राजनैतिक उपलब्धीसँगै मुलुकमा दोश्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी पहिलो वर्ष पूरा गरी दोश्रो वर्षको यात्रामा हिंडिरहेका छौं। जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान अवस्थामा राज्यको संपूर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी यस गाउँपालिकाको विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ।

यस एक वर्षे अनुभवले हामीलाई आगामी कार्यअवधिको लागि यात्रा तय गर्न धेरै क्षेत्र र पक्षमा मार्गनिर्देशन गरेको छ। थुप्रै पाठ पनि सिकाएको छ। निर्वाचित भएपछिको पहिलो वर्षको अवधिमा केही अलमल, केही कठिनाइ, केही असमझदारी, नीतिगत र प्रकृयागत कुरा बुझ्न केही ढिलाइ पक्कै भएको हो। चालु आर्थिक वर्षमा वडा र गाउँकार्यपालिकाको कार्यालय दुबैतर्फबाट छनौट भएकामध्ये केही योजना र कार्यक्रमलाई चाहेजति प्रभावकारी र प्रतिफलयुक्त बनाउन नसकिएको कुरा स्वीकार्न हामीलाई कुनै हिच्किचाहट छैन।

यसो भन्दैमा विगत एक वर्षमा हाम्रा प्रयासहरु प्रतिफलमुखी नभएको पनि हैन। महत्त्वपूर्ण कुरा विगतको गल्तीबाट पाठ सिकेर आगामी दिनमा थप सुधारको योजनासहित प्रतिबद्ध भएर अगाडि बढ्नु हो। यो कुरा विगतका कार्यपालिकाका बैठकहरुमा पनि हामी कार्यपालिकाका सदस्यहरुले अनुभूत गरिसकेका छौं साथै नीतिगत सुधारको लागि कार्यपालिकाका बैठकहरुबाट पनि केही निर्णयहरु गरिसकेका छौं। तसर्थ आगामी

राम बहादुर राई
अध्यक्ष

आर्थिक वर्षको लागि प्रस्तुत यस नीति तथा कार्यक्रमलाई ध्यानपूर्वक पढ्दा र सुन्दा तपाईंहरुले पनि पक्कै थप सुधारका प्रयासको अनुभति गर्न सक्नुहुनेछ।

सुन्दर र समृद्ध रामप्रसादराई गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु समक्ष अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न एकीकृत अभियान सञ्चालन गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, आधारभूत शिक्षा र स्वास्थ्य सुनिश्चित गर्ने, गुणस्तरीय भौतिक पूर्वाधारको विकास र दिगो व्यवस्थापन गर्ने, कृषि क्षेत्रको दिगो विकासमार्फत स्थानीयबासीको जीवनस्तर सुधारलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ।

## (क) विद्यमान परिवेश

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः रुस-युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रत्यक्ष तथा परोक्ष रुपमा प्रभाव पारेको छ। फलस्वरुप तीनै तहका सरकारहरुका विकास प्रयासहरुमा केही न केही असर परेको छ। संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ। हाम्रो गाउँपालिकामा पनि गत वर्षको तुलनामा यस वर्ष संघीय सरकारबाट प्राप्त सबैखाले अनुदानमा रु. एक करोड अन्ठाउन्न लाखले कमी आएको छ।

नेपालले जनसांख्यिक लाभ लिंदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लागेको परिवेशमा युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिने जुन लहर छ, त्यसबाट हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेको छैन। बसाइँ सराइका कारण यस गाउँपालिकाका गाउँघरहरू नेपालका अन्य हजारौं गाउँघर झैं सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन। वि.सं. २०७८ को जनगणनाको नतिजाले यस गाउँपालिकाको जनसंख्या विगत १० वर्षमा तीन हजारभन्दा बढीले घटेको देखाउँछ। उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन। यसले हामी सबैलाइ गम्भीर बनाएकोछ। यस सन्दर्भमा युवालाइ पालिकाभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक, सुखी र आनन्दी बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो गाउँपालिकाको समग्र अर्थतन्त्रलाई उत्पादनशील क्रियाकलापमार्फत अगाडि बढाउनुपरेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर
कोशी प्रदेश, नेपाल

... बहादुर राई
अध्यक्ष

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि विद्युतीय शासन प्रणालीमा आधारित सेवा प्रवाहलाई व्यापक र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ। तुलनात्मक रुपमा दूर्गम भूगोल भएकोले हुनसक्छ, कर्मचारीहरु सरुवा भई अन्तै जान खोज्छन्। यस प्रवृतिलाई रोक्दै कर्मचारीलाई उत्प्रेरित गराई सेवा प्रवाहमा संलग्न गराउनु चुनौतिपूर्ण भएको छ।

## ख. अवसर र चुनौतिहरु

### विद्यमान अवसरहरु

हाम्रा लागि देहायबमोजिम अवसरहरु रहेका छन्।

१. संविधान प्रदत्त २२ ओटा एकल र १५ ओटा साझा अधिकार क्षेत्र किटान हुनु।
२. आफ्ना अधिकारक्षेत्रमा पर्ने विषयमा निरन्तर रुपमा नीतिहरु बन्ने अभ्यास हुनु।
३. प्राकृतिक श्रोत साधन जस्तै पानी, बन, ढुंगा, जडिबुटीको प्रचुरता रहनु।
४. पर्यटकीय दृष्टिले आकर्षक प्राकृतिक र धार्मिक स्थलहरुको प्रचुरता रहनु।
५. वडा कार्यालय र स्वास्थ्य चौकीजस्ता संस्थाहरुमा भौतिक र सूचना प्रविधिसँग सम्वन्धित पूर्वाधारको विकास हुनु। त्यसले गर्दा सेवा प्रवाहमा सहजता आउने वातावरण हुनु।
६. गाउँपालिका क्षेत्रमा सांस्कृतिक विविधता र धार्मिक सहिष्णुताको विद्यमानता रहनु।
७. सवै वडामा सडक पूर्वाधारको पहुँच रहनु।
८. सडक पूर्वाधारको विकाससँगै गाउँपालिका क्षेत्रमा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्म पहुँच स्थापित हुनु।
९. राजनैतिक रुपमा फरक विचारको सम्मानका साथ सहमतिमा निर्णय गर्ने अभ्यास स्थापित हुनु।
१०. जनप्रतिनिधी र कर्मचारीबीच सौहार्द्रपूर्ण र विश्वासिलो सम्बन्ध कायम भई समन्वयात्मक ढंगले काम गर्ने वातावरण रहनु।

### विद्यमान चुनौतिहरु

हाम्रा लागि देहायवमोजिम चुनौतिहरु रहेको हामीले अनुभूत गरेका छौं।

१. जनताबाट माग भई आउने योजना र कार्यक्रमलाई आवस्यकता र औचित्यमा आधारित बनाउनु।
२. निर्माण सम्पन्न भएका भौतिक विकासका संरचनाहरुलाई मर्मत संभार गर्दै दिगो रुपमा सञ्चालनमा ल्याउनु।
३. गाउँको कृषि उत्पादनलाई बजारसँग जोड्ने स्थायी प्रणालीको विकास गर्नु।
४. खानेपानी, आधारभूत शिक्षा र आधारभूत स्वास्थ्यकै अभावको कारणले बसाईं हिंड्ने बाध्यताको अन्त गर्नु।
५. जलवायु परिवर्तनलाई न्यूनिकरण गर्दै जलवायु अनुकुलनका अभ्यासलाई स्थानीय रुपमा प्रणालीवद्ध गर्नु।
६. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहलाई स्थापित गर्न कर्मचारीलाई उत्प्रेरित गर्नु।

राम बहादुर राई
अध्यक्ष

७. संघीय सरकार र प्रदेश सरकारबाट यस पालिकाक्षेत्रमा सञ्चालित भौतिक निर्माणका योजनामा हाम्रो स्थानीय सरकारको प्रत्यक्ष सहभागिता नहुने गरेको (अ)व्यवस्थाको अन्त गर्नु।

## ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

आगामी आर्थिक वर्ष २०८०/८१ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले तपसील बमोजिम कुराहरुलाई प्रमुख आधारको रुपमा लिएको छु।

१. नेपालको संविधानः यस अन्तरगत विशेष गरी मौलिक हक, स्थानीय कार्यपालिका/व्यवस्थापिका/आर्थिक कार्यप्रणाली, अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका क्रमशः एकल र अन्य तहसँगका साझा अधिकारहरु
२. चालु पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१) ले निर्दिष्ट गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु
३. दिगो विकास लक्ष्यहरु (सन् २०१५-२०३०) लाई स्थानीयकरण गर्ने विषयहरु
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका काम, कर्तव्य र अधिकारहरु
५. राष्ट्रिय योजना आयोगले तयार पारी जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
६. पछिल्लो स्थानीय तहको निर्वाचनमा विजयी जनप्रतिनिधिहरुले जनतासमक्ष प्रस्तुत गरेका घोषणापत्रहरु
७. गाउँपालिकाका बासिन्दाहरु, उद्योगी व्यावसायीहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, शैक्षिक क्षेत्रमा कृयाशील व्यक्तित्वहरु, युवा/आमा समूहका प्रतिनिधिहरु र गाउँकार्यपालिकाका कर्मचारीहरुले प्रदान गर्नुभएका अमूल्य सुझावहरु, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई मुख्य आधारको रुपमा लिएको छु।

## घ. चालु आर्थिक वर्षको हालसम्मका प्राप्त उपलब्धिहरुको संक्षिप्त विवरण

अब म विगत र चालु आर्थिक वर्षमा हाम्रो साझा प्रयासले प्राप्त भएका उपलब्धीहरु र केही सार्थक हुन नसकेका प्रयासहरुमा प्रवेश गर्दछु।

### आर्थिक विकास

हालसम्म गाउँपालिकामा अधिकतम सडकहरु कृषि सडकको रुपमै सञ्चालित छन्। वडा नं १ ओख्रेमा व्यवस्थित कृषि हाटबजार स्थलको निर्माण भएको छ। कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिए पनि त्यसले मूर्त रुप लिन सकेको छैन। कृषि उत्पादनलाई वजारसम्म पुर्याउने काममा सहजीकरण गर्न यसै आर्थिक वर्षमा कृषि एम्बुलेन्स खरिदको काम अघि बढाइसकिएको छ। गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्धन गर्ने कामलाई व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ। रोजगारी सृजना गर्न गाउँपालिकाभित्र रहेको श्रम शक्तिको लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिए पनि त्यसबाट अपेक्षित रोजगारी सिर्जना भने भएको छैन।

### सामाजिक क्षेत्र

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

श्याम बहादुर राई
अध्यक्ष

हाल यस गाउँपालिकामा ८ ओटा माध्यमिक विद्यालयसहित कुल ३४ विद्यालय रहेकामा अधिकांश विद्यालयमा आवस्यक कक्षाकोठा, खेलमैदान र इन्टरनेटको उपलब्धता रहेको छ। विद्यार्थीहरुमा रहेको क्षमतालाई उजागर र विकास गर्ने प्रयासका रुपमा गाउँपालिकाले यस आवमा एकै पटक २६ भन्दा बढी विधामा वृहत् प्रतियोगिता सञ्चालन गर्यो। गाउँपालिकामा शैक्षिक क्यालेण्डर कार्यान्वयनमा आएको छ। शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली विकास गरिएको छ।

भौतिक पूर्वाधार र इन्टरनेटको सुविधासहित गाउँपालिकाका सबै वडामा न्यूनतम पूर्वाधार सहितको स्वास्थ्यचौकी भवनहरु रहेका छन्। सबै स्वास्थ्य चौकीहरुमा दरबन्दीअनुसारका जनशक्ति रहेका छन्। सुरक्षित रुपमा सुत्केरी गराउन ५ ओटा वडामा बर्थिङ सेन्टरहरु सञ्चालनमा आएका छन्। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग शुरु भएको छ। विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। खेलकुदमा युवाहरूको संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण भएका छन।

## भौतिक पूर्वाधार विकास

### सडक यातायात

यस गाउँपालिकामा हाल सम्म सवै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत वर्षको अधिकतम समय गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ। झारपात उखेलेर प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट सक्छन् भन्ने धारणालाई गलत सावित गर्दै यस गाउँपालिकामा उक्त कार्यक्रममार्फत यस आर्थिक वर्षमा मात्र कुल ८,२७० मिटर ढुंगा सोलिङ गरी सम्बन्धित सडक खण्डहरुमा बर्खाको समयमा हुनसक्ने यातायात आवतजावतको अवरोधलाई न्यूनिकरण गरिएको छ। गाउँपालिकाबाट अन्य गाउँपालिका/नगरपालिकासम्मको सडक पहुँचलाई सुदृढ बनाइएको छ। तर निर्माण भएको सबै सडकको नियमित मर्मत र स्तरोन्नति हुन नसक्दा सबै मौसममा यातायात सुचारु गर्न कठिनाई भएको छ।

### सिंचाइ

गाउँपालिकाका विभिन्न वडामा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ। सिँचाइको साथसाथै खानेपानीको लागि पर्याप्त योजना र बजेट विनियोजन गरिएको छ। तर काम गर्नसक्ने युवा जनशक्ति विदेशिने र बसाईं हिंड्ने प्रवृत्ति नरोकिएकोले सिँचाइ सुविधा पुग्ने खेतबारी समेत बाँझै रहने विडम्बनापूर्ण दृश्य हामीले देख्नुपरेको छ। जलवायु परिवर्तनको नकारात्मक प्रभावका कारण अपेक्षा बमोजिम सिँचाइको लागि पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ।

### वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेटी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ। कोशी प्रदेशमै एक मात्र यस गाउँपालिकामा जलवायु अनुकुलनको क्षेत्रमा योजना बनाई सञ्चालन गर्ने गरी दुई करोड रुपैयाँ बजेट प्राप्त भएकोमा उक्त बजेट रकमबाट वडा नं १, २, ३, ४, ५ र ६ मा विभिन्न योजना तर्जुमा तथा कार्यान्वयन भई सम्पन्न समेत भएका छन्। यस वर्ष पशुहरुमा महामारीको



CamScanner

रुपमा फैलिएको लम्पी स्किन रोगलाई न्यूनिकरण गर्न गाउँकार्यापालिकाको निर्णयानुसार रु. दश लाख भन्दा बढी रकमबाट औषधि र खोप खरिद गरी निःशुल्क र स्थलगत रुपमा प्रयोग गराइयो। गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक वनलाई स्थानीय सरकारको अधिनमा ल्याई उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू गराउन सकिएको छैन।

## सुशासन तथा संस्थागत विकास

गाउँपालिकाले ३ ओटा ऐन, ३ ओटा नियमावली, १९ ओटा कार्यविधि, २ ओटा निर्देशिका र २ ओटा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। संघीय सरकारले २०७६ सालमा गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नै गाउँपालिकाले संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७३ अंक प्राप्त गरेको छ।

## (ङ) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## आर्थिक विकास

### उद्योग तथा पर्यटन

१. स्थानीय तहमा व्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गर्नेछ।

२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

३. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

४. घरैमा बसेर सञ्चालन गर्न सकिने सानासाना उद्योगलाई प्राथमिकता दिइनेछ।

५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल निर्माण गर्न प्रारम्भ गरिनेछ।

७. विभिन्न पर्यटकीय स्थलको प्रचारप्रसार गर्न सकेसम्म धेरै पर्यटकीय स्थललाई समेटेर फोटो फ्रेम बनाई गाउँपालिकामा आउने पाहुनाहरुलाई उपहार दिइने प्रकृयाको थालनि गरिनेछ।

८. मुख्य स्थान, चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न बोर्ड/डिजिडल डिस्प्ले राखिनेछ।

श्याम बहादुर राई
अध्यक्ष

९. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशरहरुको तयारी र वितरण गरिनेछ।

१०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका भगिनी सम्वन्ध विस्तारको थालनी गरिनेछ।

११. गाउँपालिका क्षेत्रभित्र विभिन्न ठाउँमा रहेका गुफा, छाँगा, गुराँसे बन, नागी, खर्क र भञ्ज्याङहरु जोडी वृहत् पर्यटन पदमार्ग (Tourism Circuit)निर्माण गरी सोको प्रचारप्रसार गरिनेछ ।

## कृषि तथा पशुपंक्षी

१. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार क्रमिक रुपमा विकास गरिनेछ।

२. कृषकहरुलाई व्यावसायिक तालिम नियमित रुपमा प्रदान गरिनेछ। साथै पशु र कृषिको क्षेत्रमा आइपर्ने समस्याहरुलाई स्थलगत रुपमै प्राविधिक पठाएर समाधान गरिनेछ।

३. सबै वडाहरुका विभिन्न ठाउँको माटो, विज्ञबाट परीक्षण गराई माटोको अवस्थासँग सुहाउने कृषिबाली लगाउन कृषकहरुलाई सहजीकरण र परामर्श प्रदान गरिनेछ।

४. पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. दीर्घकालिन कृषि रणनीतिक योजना तर्जुमा गरी क्रमशः लागु गरिनेछ।

## सहकारी

१. सहकारी सम्बन्धी चेतना, सहकारी अभियान, सहकारी संस्थाहरुको स्थापनाका सन्दर्भमा हेर्दा यस गाउँपालिकामा बामे सर्दै गरेको अवस्थाजस्तो देखिएको छ। यस गाउँपालिकामा स्थापित सहकारी संस्थाहरुको व्यवस्थित अभिलेखिकरण गरी सहकारी कर्मीहरुलाई सहकारी व्यवस्थापन र आधारभूत लेखापालन सम्बन्धी तालिम प्रदान गरिनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बीउपूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी तथा साझेदारी कृषि फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

## जलश्रोत तथा सिंचाइ

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ।

बहादुर राई
अध्यक्ष

CamScanner

२.जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको पहिचान, संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रवन्ध मिलाइनेछ।

३.विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४.जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउने योजना तथा कार्यक्रम प्रारम्भ गरिनेछ।

## बन

१.खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ।

२.पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ।

३.कमजोर भूवनोट, पानीको मुहान र जडिबुटीयुक्त जंगल भएको ठाउँमा भौतिक निर्माण गर्नुपर्दा पर्याप्त अध्ययन गरेर लाभ लागत विश्लेषणपछि उपयुक्त हुने अवस्थामा मात्र काम अगाडि बढाइनेछ।

४.सामुदायिक बनले गरेका बन व्यवस्थापनका प्रयास र सामुदायिक वनले गरेका आम्दानी र खर्चको हिसाबलाई गाउँपालिकामा निरन्तर अभिलेखमा ल्याउने काम गरिनेछ।

## वाणिज्य

१. गाउँपालिका क्षेत्रमा रहेका होटल, पसल, आवधिक रुपमा लाग्ने हाटबजारलाई व्यवस्थित गरी करको दायरामा ल्याइनेछ र व्यापारिक फर्महरुको अनिवार्य रुपमा गाउँ कार्यपालिका कार्यालय वा वडा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

२. अन्य नियामक निकायहरुको सहयोग र समन्वयमा बजार अनुगमनलाई नियमित गरिनेछ।

# सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

## शिक्षा

१. चालु आर्थिक वर्षमा तयार गरिएको शिक्षा ऐनलाई कृयाशील बनाउन शिक्षा नियमावली तयार गरिनेछ। शिक्षासम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

२. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी क्रमिक रुपमा लागु गरिनेछ।

३. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि तालिम, अवलोकन भ्रमण, अनुभव आदानप्रदान जस्ता कृयाकलापमा बजेट विनियोजन गरिनेछ।

४. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

राजप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

श्याम बहादुर राई
अध्यक्ष

५. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरी आवस्यकता अनुसार गाउँपालिकाभित्र दरबन्दी मिलान गरिनेछ।

६. वित्तीय समानीकरणको रुपमा प्राप्त रकमबाट वडाहरुले आ-आफ्ना क्षेत्रका विद्यालयमा शिक्षक तलबको लागि बजेट विनियोजन गर्दै आएको विगतको गलत अभ्यासलाई हटाउँदै यस वर्षदेखि दरबन्दी मिलान गरिसकेपछि पनि शिक्षक संख्या कम देखिएका विद्यालयमा प्रतिस्पर्धाको आधारमा करारमा शिक्षक नियुक्त गरी राजस्व बाँडफाँड र आन्तरिक आम्दानीको रकमबाट उनीहरुलाई पारिश्रमिक भुक्तानी गर्ने नीति लिइनेछ

७. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

८. सबै विद्यालयहरुमा क्रमिक रुपमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

९. गाउँपालिकाभरका शिक्षकहरुमध्ये उत्कृष्ट शिक्षकलाई वार्षिक रुपमा पुरस्कारले प्रोत्साहित गरिनेछ।

१०. बान्तवा भाषाको भाषिक संघ संस्थाहरु र विज्ञहरुको सहयोगमा पाठ्यक्रम तयार गरी तोकिएका विद्यालयका प्राथमिक तहमा पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ।

## युवा तथा खेलकुद

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. सामी लगायत अन्य विकास साझेदारसँग गाउँपालिकाभित्रबाट वैदेशिक रोजगारीमा जाने युवाहरु र तीनका परिवारको वृहत पक्षको तथ्याङ्क संकलन गरिनेछ। युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

४. प्रत्येक वडामा एक एक ठाउँमा खुला व्यायामशाला क्रमिक रुपमा स्थापना गरिनेछ।

५. विपन्न र गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक सामाग्री मर्मत, सिकर्मी/डकर्मी तालिम, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

६. आगामी आर्थिक वर्षको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको शीर्षकमा चालु आर्थिक वर्षको भन्दा कम बजेट विनियोजन भएको सन्दर्भमा श्रम रोजगारीलाई कमी हुन नदिन वडा तथा गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक निर्माणका योजनामा रोजगार श्रमिकहरुलाई श्रममा लगाउने नीति लिइनेछ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर

श्याम बहादुर राई
अध्यक्ष

३.ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न चाहेमा पूँजि लगानी सहयोग गरिनेछ।

४.विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५.अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनका लागि आवस्यक व्यवस्था गरिनेछ। प्रदेश सरकारबाट अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम लाई आगामी आर्थिक वर्षको लागि प्राप्त भएको बजेट रकममा गाउँपालिकाले पनि थप गरी अपाङ्गहरुको हक, हित र सुरक्षाका लागि खर्च गरिनेछ।

६.ज्येष्ठ नागरिक परिचयपत्र र सामाजिक सुरक्षा भत्ता वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

७.**"हिंसा मुक्त गाउँपालिका, हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

८.गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक लेखापरीक्षण गर्ने कामको थालनी गरिनेछ।

९.गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०.हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान क्रमिक रुपमा संचालन गरिनेछ।

११. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१२. गाउँपालिकाभित्रका शिक्षित युवाहरुको लागि लोक सेवा वा शिक्षक सेवाको तयारी कक्षा सञ्चालन गरिनेछ।

## स्वास्थ्य

१.नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र परामर्श सेवाको प्रबन्ध मिलाइने छ।

२.सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

३.वर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकीहरुले दिने सेवाको क्रमिक रुपमा स्तरोन्नति गरिनेछ।

४.आर्थिक रुपमा अति विपन्न गाउँपालिकाबासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

५.अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ। अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ।

६.महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। उनीहरुको लागि गाउँपालिकाले थप गरेको सेवासुविधालाई निरन्तरता दिइनेछ।

७.स्वास्थ चौकीहरुमा आधुनिक ल्याव सेवा [stamp obscured]का लागि विशेष व्यवस्था गरिनेछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

[signature] ... बहादुर राई अध्यक्ष

CamScanner

८.विद्यालयमा खाजाको रुपमा जङ्क फुडलाई पूरै नियन्त्रण गरिनेछ । गाउँसभा, गाउँकार्यपालिकाको बैठक र अन्य बैठकहरुमा कोक, फ्यान्टा र ड्यूजस्ता हानिकारक हलुका पेय पदार्थहरुको प्रयोग पूर्ण रुपमा बन्देज गरिनेछ।

## खानेपानी तथा सरसफाइ

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ।

२. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियालीयुक्त, सुन्दर र सफा राख्ने कार्य गरिनेछ।

३. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

४. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

५. गाउँपालिकाभित्र खानेपानीको समस्या दीर्घकालिन रुपमा समाधान गर्न गोर्खा वेलफेयर ट्रष्टलगायत अन्य विकास साझेदारको आर्थिक सहयोगमा व्यवस्थापन गर्ने कोशिस गरिनेछ।

## भाषा तथा संस्कृति

१. विभिन्न जातजाति तथा आदिवासीहरुको मौलिक र परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

२. गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला, साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. राई भाषाको बढी प्रचलन भएको यस क्षेत्रमा उक्त भाषाको इतिहास अध्ययन र विकासका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

## भौतिक पूर्वाधार विकाससम्बन्धी नीति तथा कार्यक्रम

१.पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२.दीर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३.गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरवको आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्तो आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

श्याम बहादुर राई
अध्यक्ष

४.सडकको नयाँ ट्र्याक खोल्ने कामलाई पूर्ण रुपमा बन्द गरिनेछ। हाल रहेका सडकको स्तरोन्नति र मर्मतमा रकम विनियोजन गरिनेछ। बाह्रै महिना मुख्य सडकहरु सञ्चालनको सुनिश्चितता हुने गरी स-सानो मर्मत तथा सफाइ गर्न आगामी आर्थिक वर्षमा सडक हेरालुको व्यवस्था गरिनेछ।

५.गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

